गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
३ नं. प्रदेश नेपाल

# E-Bidding मार्फत भवन निर्माणको बोलपत्र आव्हवान सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति: २०७५/०१/२५

यस गोकुलगंगा गाउँपालिकामा निम्नबमोजिम भवन निर्माण कार्य E-Biding मार्फत निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुले निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ ।

२. सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र बोलपत्र फारमकासाथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर(PAN) प्रमाणित प्रमाणपत्र, आ.व २०७३/७४ को कर चुक्ताको प्रमाणपत्र वा आर्थिक वर्ष २०७३/७४ को कर /आय विवरण पेश गरेको प्रमाणित कागजात, Bid Sumission Form, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको सिद्धार्थ बैंक लिमिटेड गोकुलगंगा शाखामा रहेको संचित खाता नं.०३६१५०३१६०३ (For Bid Document Purchase) मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने) एवं जमानत बापतको रकम यस कार्यालयको सिद्धार्थ बैंक लिमिटेड गोकुलगंगा शाखामा रहेको धरौटी खाता नं. ०३६१५०३१६१० (For Bid Security) मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको जमानीपत्र(विडबन्ड) सहितका आवश्यक अन्य कागजातहरु समेत Scanning गरी तोकिएको Format मा बोलपत्रसाथ Upload गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर,वा विडबन्ड यो सूचना प्रकाशित भएको मिति पश्चातकोलाई मात्र मान्यता दिइनेछ ।

३. बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्र फारमको Evalution & Qualification Criteria मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा Upload गर्नुपर्ने छ । उक्त कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुलाई मान्यता दिइने छैन ।

४. कार्यालयले Bid document( Hard Copy) उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यस्तो बोलपत्रलाई कार्यालयले स्वीकार गर्ने छैन ।

५. E-Bidding मार्फत बोलपत्र दाखिला गरेका बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्ने अन्तिम दिनदेखि ७ (सात) दिनभित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

६. दर्ताहुन आएका बोलपत्रहरु फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको १४:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छन् ।

९ बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ । सम्पर्क नं. ९८५४०४३६४०, ९८४९६१९९८६ ।

१०. यस सूचनामा लेखिएको हकमा यसैअनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजानिक खरीद ऐन,२०६३ र सार्वजानिक खरीद नियमावली,२०६४(संशोधनसहित) प्रचलित ऐन नियमानुसार हुनेछ ।

**निर्माण कार्यको विवरण निम्नानुसार रहेको छ ।**

| सि.न. | ठेक्का नं. | विवरण | कुल लागत ईस्टिमेट (भ्याट सहित) | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | GRM/RCH/W/NCB /03/074-75 | CONSTRUCTION OF PREFAB OFFICE BUILDING | २,७०,०४,२१०।०५ | ५०००।(पाँचहजार मात्र) | ६८०,०००।(छलाख असिहजार मात्र) |

२०७५/१/२४

प्रमुख प्रशासकीय अधिकृत